स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सूचना नं. : २९

मितिः२०८०।११।२१
ने.सं.: (११४४ सिल्लागा,९ सोमबार)

## अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यही मिति २०८० फागुन २५ गते शुक्रबार (तदनुसार ८ मार्च २०२४) का दिन ११४ औं अन्तर्राष्ट्रिय महिला दिवस **"Invest in women: Accelerate progress"** भन्ने अन्तर्राष्ट्रिय नारा तथा **"महिलामा लगानी : लक्ष्य र समुन्नत समाजको थालनी"** भन्ने राष्ट्रिय नारासहित देशव्यापी रूपमा अभियानको रूपमा भव्यताका साथ दिवस मनाउने कार्यक्रम रहेकोले सोहि अवसरमा पुथा उत्तरगङ्गा गाउँपालिका र विभिन्न साझेदार सङ्घ/संस्थाहरूसँगको संयुक्त आयोजनामा तपसिल बमोजिमको दिवस विशेष कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गरी मनाइने दिवसलाई सफल बनाउन यस गाउँपालिकाभित्र रहेका १४ वटै वडा कार्यालयहरू, सामुदायिक एवम् संस्थागत विद्यालयहरू लगायत सङ्घ/संस्था एवम् सम्पूर्ण महिला दिदीबहिनीहरूलाई सक्रिय सहभागिताका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल :**

### १. दिवस विशेष कार्यक्रमहरू :

| क्र.सं. | क्रियाकलाप/कार्यक्रमहरू | पुरस्कार | कै. |
|---|---|---|---|
| १ | वक्तृत्वकला प्रतियोगिता<br>(शीर्षक "महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी") | प्रथम : रु. ६,०००। सहित प्रमाणपत्र<br>द्वितीय : रु. ५,०००। सहित प्रमाणपत्र<br>तृतीय : रु. ४,०००। सहित प्रमाणपत्र<br>सान्तवना : रु.२,०००। सहित प्रमाणपत्र | |
| २ | सडक नाटक<br>(शीर्षक " वातावरण संरक्षण र सरसफाईमा महिला सहभागितासम्बन्धी") | प्रथम : रु. १५,०००। सहित प्रमाणपत्र<br>द्वितीय : रु. १२,०००। सहित प्रमाणपत्र<br>तृतीय : रु. ८,०००। सहित प्रमाणपत्र<br>सान्तवना : रु.४,०००। सहित प्रमाणपत्र | |
| ३ | सामुहिक लोकगीत नृत्य | प्रथम : रु. १५,०००। सहित प्रमाणपत्र<br>द्वितीय : रु. १२,०००। सहित प्रमाणपत्र<br>तृतीय : रु. ८,०००। सहित प्रमाणपत्र<br>सान्तवना : रु.४,०००। सहित प्रमाणपत्र | |

### २. प्रतियोगिताका नियम तथा अन्य जानकारीहरू :

क) प्रतियोगितामा भाग लिने व्यक्ति तथा समूहले मिति २०८०।११।२४ गतेभित्र आफ्नो नामदर्ता गर्नुपर्ने छ।
ख) सामुहिक लोकगीत प्रतियोगिता महिला सशक्तीकरण एवम् महिला सशक्तीकरणसँग सम्बन्धित रहेर आफ्नो प्रस्तुति राख्नुपर्नेछ।
ग) सामुहिक लोकगीत नृत्यमा एक समूहमा बढीमा ६ जना हुनुपर्नेछ।
घ) कार्यक्रमहरू सबै खुल्ला हुनेछन्। जसमा गाउँपालिकाभित्रका महिलाले मात्र सहभागिता जनाउनुपर्नेछ।
घ) प्रतियोगिता सम्बन्धी अन्य नियमहरू आयोजकले तोकेबमोजिम हुनेछ।
ङ) सहभागीले यातायात र खाना खर्च आफु स्वयंले बेहोर्नुपर्नेछ।

### ३. कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान :

मिति : २०८०।११।२५ गते
समय : दिनको १०:०० बजेदेखि
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तकसेरा, रुकुम पूर्व।
थप जानकारीको लागि सम्पर्क : ९८५७८८०३०३, ९८५७८२८१२९

२०८०।११।२१
नि. प्रमुख प्रशासकिय अधिकृत